तलकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
तलकोट, बझाङ
सुदुरपश्चिम प्रदेश,नेपाल

# आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम

पार्वती कुँवर भण्डारी
उपाध्यक्ष
तलकोट गाउपालिका

## *क) परिचय र समीक्षा खण्ड :*

गाउँ सभाअध्यक्ष ज्यू,
गाउँ सभाका सदस्य ज्यू

१. हाम्रो देश गणतन्त्र स्थापनाको १६ औं वर्षमा प्रवेश गरेको छ । नेपालको संविधान जारी भएसँगै राज्यक संरचना तीन तहको बन्यो र जनताको सबैभन्दा नजिकको सेवा प्रदायक भूमीकामा हामी रहेका छौं संविधानप्रदत्त शासकीय अधिकार सहित नागरिकले आफ्नो शासन आफैं गर्न पाउने अवसरको अभ्यासको सा वर्षमा प्रवेश गरेका छौं । यस अवसरमा म नेपालको अग्रगामी लोकतान्त्रिक परिवर्तन, नागरि सर्वोच्चता,लोकतन्त्र र राष्ट्रहितका लागि विगत लामो समयदेखि भएका सबै राजनीतिक क्रान्ती, लोकतान्त्रि आन्दोलन, सशस्त्र संघर्ष, मधेश आन्दोलन सहितका नागरिकको हक र अधिकारका लागि भएका स बलिदानीपूर्ण संघर्ष र प्रयासहरूलाई सगौरव स्मरण गर्दै यस दौरान आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सबै ज्ञात् अज्ञात् महान सहीदहरूप्रति उच्च सम्मान सहित हार्दिक श्राद्धाञ्जली अपर्ण गर्दछु । घाइते अपाङ्ग योद्धा, द्व

कलक बहादुर रोकाया
गाउँपालिका अध्यक्ष

पिडित र वेपत्ता नागरिकप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । साथै मुलुकको राजनीतिक परिवर्तनका लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नुहुने सम्पूर्ण नेतृत्ववर्गमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

२. स्थानीय शासनको पहिलो पञ्चवर्षीय शासनकालको समाप्तीपछि २०७९ मा निर्वाचित जनप्रतिनिधिको कार्यकालको दोस्रो वर्षमा प्रवेश गरेका छौं । जनताका उच्च आकांक्षालाई सम्बोधन गर्ने दायित्व हाम्रो काँधमा छ । यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा म आफूलाई गौरवान्वित महशुस गरेको छु । विकासका असिमित आवश्यकता र सीमित आर्थिक साधनका बीचमा हामी उभिएका छौं । भौगोलिक विकटताका साथमा न्यून सामाजिक आर्थिक विकास, निम्न मानव विकास, विविध सामाजिक समस्याका बीचमा राज्यको उपस्थिति स्थानीयस्तरमा नहुने विगतको अवस्थालाई स्थानीयस्तरमा जनप्रतिनिधिमुलक शासनको स्थापनाले सम्बोधन गर्न सकोस भन्ने कामना गर्दछु ।

३. संघीय, प्रदेश तहसँगै हाम्रो तलकोट गाउँपालिका नेपालको संविधानको कार्यान्वयन गर्ने शासकीय भूमीकामा प्रतिवद्ध छ । नेपालको संविधानले निर्दिष्ट गरेका निर्देशक सिद्धान्तको पालना, मौलिक हकको कार्यान्वयन, नागरिकका आधारभूत आवश्यकताको सम्बोधनसँगै स्थानीय मौलिकता र विशिष्टताअनुसार विकासका क्रियाकलाप सञ्चालन गरी नागरिकलाई सहज जीवनयापनको अवसर प्रदान गर्ने र लोकतन्त्रका लाभलाई स्थानीयस्तरसम्म विस्तार गर्ने हाम्रो शासकीय भूमीकालाई बिर्सनु हुँदैन । लोकतान्त्रिक पद्धतिको अनुसरण गरी नागरिकको शासनमा सहभागिता बढाइ सहभागितामूलक, समावेशी लोकतान्त्रिक पद्धतिको स्थापना गर्ने अहम् भभिछचमकामा स्थानीय तह रहेको छ ।

४. तलकोट गाउँपालिकाको विकास प्रयासमा सक्रिय रही रचनात्मक सुझाव तथा पृष्ठपोषण प्रदान गर्ने सबै राजनीतिक दल, सामाजिक संघसंस्थाहरू, स्थानीय बुद्धिजिवी, समाजसेवी, जनप्रतिनिधि, शिक्षक, कर्मचारी, किसान, मजदूर सहित विकास प्रयासमा सहभागी सबै सभ्य नागरिकजनमा हार्दिक आभार व्यक्त गर्दछु ।

**गाउँ सभा अध्यक्ष ज्यू,**

**गाउँ सभाका सदस्य ज्यू**

५. स्थानीय सरकारको दोस्रो कार्यको पहिलो वर्ष पूरा भएको छ । नेपालको संविधान, दिगो विकास लक्ष्य, पन्ध्रौं पञ्चवर्षिय आवधिक योजना र हाम्रो स्थानीय विशिष्टतालाई विचार गरी तलकोट गाउँपालिकाले आवधिक योजनाका आधारमा विकासका क्रियाकलापलाई व्यवस्थित गर्ने संकल्प सहितको पहिलो स्थानीय आवधिक विकासको योजना तर्जुमा गरी कार्यान्वयन गरेको छ । नेपाल सरकारको"समृद्ध नेपाल सुखी नेपाली"को दीर्घकालीन सोच तथा सुदुरपश्चिम प्रदेश सरकारको " आत्मनिर्भर र समृद्ध सुदुरपश्चिम" को दीर्घकालीन सोचलाई विचार गरी विकासमा दिगोपना, सुशासन र स्थानीय साधन स्रोतमा आधारित समृद्ध अर्थतन्त्र निर्माणको सोच तलकोट गाउँपालिकाको आवधिक योजनाले राखेको छ । यसै सोचलाई हासिल गर्ने दिशामा हाम्रा वार्षिक कार्यक्रमहरू मुखरित हुने विश्वास लिएको छु ।

६. विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ महामारीबाट थलिएर माथि उठन नपाउँदै रुस युक्रेन युद्ध र सो का कारणले प्रभावित विश्व आपूर्ति श्रृङ्खलाका कारण नेपालको राजश्व संकलनमा संकुचन आइ संघीय र प्रदेश सरकारबाट प्राप्त वित्तिय हस्तान्तरणको परिमाणमा नकारात्मक प्रभाव परेको तथ्य सम्मानीत सभा समक्ष राख्न चाहन्छु । यस्ता किसमका समस्यावाट हाम्रो तलकोट गाउँपालिकाको आन्तरिक राजश्वको स्थितिमा समेत सुधार आउन सकेको छैन ।

७. नेपालले जनसांख्यिक लाभको उपयोग गर्दै अल्पविकसित मुलुकबाट विकासशिल मुलुकको श्रेणीमा स्तरोन्नती हुनै लाग्दा दैनिकजसो हजारको संख्यामा नेपाल छाडी विदेशिनु पर्ने अवस्थाले गम्भीर बनाएको छ । आन्तरिक र बाह्य बसाइसराइका कारणले गाउँबस्तीहरू दिनानुदिन रित्तो बन्दै गएका छन् । खेतीयोग्य जमिन बाँझो रहेको छ भने अर्कोतिर खाद्यान्नका लागि आयातमा निर्भर रहँदा देशको व्यापार घाटा बढ्दो छ । हाम्रो गाउँपालिकामा समेत स्थानीय कृषि उत्पादन न्यून हुँदा विगतदेखि नै खाद्यान्नका लागि बाह्य आपूर्तिमा भरपर्नुपर्ने अवस्था

तलकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तलकोट, बझाङ

कलक बहादुर रोकाया
गाउँपालिका अध्यक्ष

यथावत छ । तलकोट गाउँपालिकाको स्थानीय हावापानी र आफ्नो विशेषतामा आधारित कृषि उत्पादन बढाइ आत्मनिर्भर बन्ने धेरथोर प्रयासले सार्थकता पाउन सकेको छैन । सिंचाइ सुविधाको विस्तारमा पर्याप्त लगानी केन्द्रीत गर्न नसक्दा दिगो र भरपर्दो सिंचाइ सुविधाको विस्तार हुन सकेको देखिँदैन । भूमीको वर्गीकरण, भू उपयोग नक्साङ्कन र माटोको प्रकृतिको अध्ययन गरी सोही अनुरुप बाली बिस्तार गर्ने कार्यक्रमलाई अपनाउनुपर्ने देखिन्छ ।

**गाउँ सभा अध्यक्ष ज्यू,**

**गाउँ सभाका सदस्य ज्यू**

८. स्थानीयस्तर र देशभित्र रोजगारीका पर्याप्त अवसर नहुँदा रोजगारीका लागि भारत तथा अन्य विदेशी मुलुकमा सक्रिय युवा जनशक्ति विदेशिने क्रम घटाउन सकिएको छैन । स्थानीय स्तरमा आर्थिक क्रियाकलापहरू, खुद्रा व्यापार, लघु र साना तथा घरेलु उद्यम, पर्यटनमा आधारित क्रियाकलाप सञ्चालन गरी स्वःस्थानमा नै जीविकोपार्जन गर्ने सम्भावनाको उपयोग हुन सकिएको छैन । गुणस्तरीय मानव साधनको विकासमा लगानी गरी दक्ष, सीपमुलक, उत्पादनशिल र सक्रिय एवं मानवसाधन उत्पादनका लागि रणनीति तयार गरी कार्य गर्नुपर्ने देखिन्छ ।

९. स्थानीय पाठ्यक्रमको निर्माण, शैक्षिक क्यालेन्डर निर्माण, स्वयंसेवक शिक्षक कार्यक्रम सञ्चालन, शिक्षक कर्मचारीको दरबन्दी मिलान, विद्यालयको पूर्वाधार सुधार, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत आइ.सि.टि र विज्ञान प्रयोगशाला स्थापना जस्ता विविध कार्यक्रम सञ्चालित गरिएका छन् । विद्यालयमा खानेपानी ८० प्रतिशत् पुगेको छ । सरसफाईका लागि सहयोगी गैर सरकारी संस्था समेतका विभिन्न कार्यक्रम सञ्चालन भएका छन् । शौचालय पुगेको विद्यालय प्रतिशत ८० रहेको छ । छात्राका लागि छुट्टै शौचालय भने २५ प्रतिशत विद्यालयमा पुगेको देखिन्छ ।

कक्षाकोठामा आधारभूत फर्निचरको व्यवस्था गर्ने र सबै मौसममा सुरक्षित कक्षाकोठाको नीति लिइएको थियो । यस्ता विविध प्रयासका बावजूद् विद्यालय शिक्षाको गुणस्तरमा अपेक्षित सुधार हुन सकेको भने देखिदैन । विद्यालय बाहिर रहेको बालबालिका प्रतिशत समेत उल्लेख्य रहेको बुझ्न सकिन्छ ।

क) यस गाउँपालिकाका केही शैक्षिक विवरण निम्नानुसार रहेका छन् :

- शैक्षिक संस्थाको संख्या : ३१ ( ३० सामुदायिक र १ संस्थागत)
- जम्मा विद्यार्थी संख्या : ५००३
- जम्मा विद्यालय शिक्षकको संख्या : १९४
- विद्यालय कर्मचारीको संख्या : ३४

१०. स्थानीय सरकारको कार्यजिम्मेवारी अन्तरगत रहेको आधारभूत स्वास्थ्य सेवा प्रवाह, सामुदायिक स्वास्थका क्षेत्रमा हाम्रो गाउँपालिकाले कार्य गर्दै आएको छ । आधारभूत स्वास्थ्य सेवा ३० मिनेटको दुरीमा उपलब्ध गराउने नीति अनुरुप ४ वटा स्वास्थ्य चौकीका अतिरिक्त ५ वटा आधारभूत स्वास्थ्य केन्द्र र ४ वटा बर्थिङ सेन्टर सञ्चालनमा छन् । चालू आर्थिक वर्षमा २ पटक विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिएको छ ।नेपाल सरकारको मापदण्ड अनुसार ९८ प्रकारका औषधीहरूको नियमित आपूर्ति गरिएको छ ।वैकल्पिक चिकित्सा आयुर्वेद तर्फ समेत सेवा प्रदान हुँदै आएको छ । संघीय सरकारद्वारा हस्तान्तरिक कार्यक्रमको सञ्चालन तथा आफ्नै प्रयासमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने प्रयासलाई सबल तुल्याइ जनताको आधारभूत र निशुःल्क स्वास्थ्य सेवाको अधिकारलाई प्रत्याभूत गर्न व्यवस्थापकीय कमजोरीलाई न्यूनीकरण गर्नुपर्ने देखिन्छ । स्वास्थ्य सम्बन्धी व्यवस्थापन सुचना प्रणाली नियमित अध्यावधिक गराउनुपर्ने, कर्मचारीको उचित व्यवस्थापन तथा परिचालन गर्ने लगायतका व्यवस्थापकीय सुधार गर्न आवश्यक छ ।

११.गाउँपालिकाभरमा आधारभूत खानेपानी ९५ प्रतिशत घरमा पुगेको छ । गाउँपालिकाभरिका जम्मा २२४४ घरधुरीमध्ये २१४६ घरमा पाइपद्वारा खानेपानी वितरण भइरहेको छ । ८९ घरधुरीले मुलको पानी प्रयोग गर्दछन् भने ९ घरधुरीमा अझै कुवा वा खोलाको पानी प्रयोग गरिन्छ ।

तलकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तलकोट, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

कलक बहादुर रोकाया
गाउँपालिका अध्यक्ष

१२. हाम्रो तलकोट गाउँपालिकाभरमा २२१७ घरधुरीमा शौचालय सुविधा पुगेको छ भने २७ घरधुरी अझै शौचालयको पहुँच बाहिर छन् । गाउँपालिकाभरमा १८८६ घरधुरीमा विद्युत् सेवाको पहुँच पुगेको छ । ४३७ घरमा सौर्य प्रणालीबाट बत्ति बाल्ने गरिन्छ, ३९ वटा घरधुरीमा विद्युत्को पहुँच छैन भने ७९ घरधुरीले एक भन्दा बढी माद्यमबाट विद्युत् सेवा प्राप्त गर्दछन् ।

१३. गाउँबस्तीबाट उत्सर्जन हुने घरेलु फोहरमैलाको उचित विसर्जन, कुहिने फोहरको व्यवस्थापनमा परम्परागत विधि अपनाइने पाइएको छ । बजार क्षेत्रमा उत्सर्जन हुने ठोस फोहरमैलाको व्यवस्थापनका लागि कुनै अध्ययन भएको पाइदैन । नकुहिने सिसाजन्य, धातुजन्य र प्लास्टिकजन्य फोहरमैलाको व्यवस्थापनमा ध्यान पुगेको देखिदैन । बजार क्षेत्रमा नसड्ने फोहरमैलाको व्यवस्थापन चुनैतीपूर्ण छ । यस सम्बन्धमा अत्यावश्यक अध्ययन अनुसन्धानको अपरिहार्यता देखिन्छ ।

१४. भौतिक पूर्वाधारको विकासले तिब्रता पाएको छ । ग्रामीण कृषि सडकको निर्माणले सबै टोलबस्तीको ३० मिनेटको दुरीमा यातायातको पहुँच पुगेको छ । सञ्चार प्रणालीमा सम्पूर्ण गाउँपालिका जोडिएको छ, यद्यपि भरपर्दो सञ्चार सेवाको विस्तार भने चुनौतीपूर्ण नै छ । केन्द्रीय प्रसारण लाइनको विस्तार १,२,३ वडामा पुगेको छ । गाउँपालिकाभरमा ५ वटा समुदायमा आधारित लघु जलविद्युत्बाट ग्रामीण विद्युतीकरणमा टेवा पुगेको छ । यसका साथै ९८ प्रतिशत क्षेत्रमा विद्युत् सेवा पुगेको छ । विकासको मेरुदण्डका रुपमा रहेको सडक पूर्वाधारलाई भरपर्दो बनाइ सबै मौसममा यातायात सुचारु हुने सडक पूर्वाधारको विकास गर्नु हाम्रो प्राथमिक आवश्यकताको विषय हुन जान्छ।

**गाउँ सभा अध्यक्ष ज्यू,**

**गाउँ सभाका सदस्य ज्यू**

गाउपालिकाले आर्थीक वर्षका लागि विकास प्रयासहरुलाई मार्गदशन गर्न र श्रोत साधनहरुको उपयोगमा दिशानिर्देशन गर्ने हेतुले यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।हामिले समृद्ध नेपाल , खुसी नेपाली वनाउने राष्ट्रिय लक्ष्य पुरा गर्दै समृद्ध तलकोट गाउँपालिका वनाउने संकलल्प गरेका छौ । यस सकल्प पुरा गर्न हामी इमानन्दार पुर्वक जवाफदेही हुदै स्पष्ट नीति र कार्यक्रम सहित अगाडी वढनु पर्ने छ । हाम्रो गाउँपालिका भौगलिक, प्राकृतिक, सांस्कृतिक, ऐतिहासीक, एवम पर्यटकीय महत्वका दृष्टिलेअत्यन्त महत्वपूर्ण र प्रवल सम्भावना भएको पालिका भएता पनी द्रुत विकासको लागि हाम्रा सामु अझै चुनौतीहरु छन । विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई मुल प्रवाहमा ल्याउने उत्पादन क्षेत्रमा लगानी अभिवृद्धि गरि रोजगार विस्तार गर्ने, कृषि क्षेत्रको व्यवसायिकरण र आधुनिकरण र रैथाने वालीको संरक्षण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, पर्यटन विकासलाई प्रोसाहन गर्दै अझै विस्तार र सेवामुखी वनाउदै जाने , वनजगलको संरक्षण सम्बर्धन र उपयोग गर्दै वातावरणीय सन्तुलनलाई कार्यम राख्दै, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गदै पालिका वासिहरुमा आफनै ठाउँमा रहि केहि गरौ भन्ने भावनाको विकास गर्दै उपयुक्त वातावरण सृजना गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवम् आन्तरिक आयको दायरालाई फराकिलो वनाउने र आन्तरीक व्यवस्थापनलाई सुशासन मैत्री वनाई संस्थागत सुदृढिकरण गर्ने जस्ता जिम्मेवारी स्थानिय सरकारको रुपमा हाम्रो सामु रहेको छ ।

**गाउँ सभा अध्यक्ष ज्यू,**

**गाउँ सभाका सदस्य ज्यू**

माथि उल्लेखित विषयहरुलाई सम्वोधन गर्नका लागि गाउँपालिकावाट घोषित लक्ष्य, उदेश्यका साथ जनतावाट प्राप्त भएको जिम्मेवारीलाई इमान्दारीता पूर्वक पुरा गर्न यस पालिकालाई "सफा स्वच्छ खानेपानी,पोषण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार तलकोट समृद्धिको आधार " को दीर्घकालीन योजना तय गरि पालिकाको विकासको समग्र योजना तथा कार्यक्रमहरु कार्यान्वियन गर्न आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि देहाय वमोजिमका क्षेत्रगत नीतिहरु प्रस्तुत गर्न गई रहेको छु ।

**१५.बार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्दा लिईएका आधारहरु :**

- नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- आवधिक योजनाले निर्धारण गरेको लक्ष्य, नीति तथा प्राथमिकताहरु

तलकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तलकोट, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

कलक बहादुर रोकाया
गाउँपालिका अध्यक्ष

- संघीय सरकारले अङ्गिकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु,
- प्रदेश सरकारले अङ्गिकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- स्थानीय सरकार संचालन ऐन २०७४ (संसोधन सहित),
- संघीय सरकारबाट प्राप्त बजेट र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- माननिय सांसदज्यूहरु, राजनैतिक दलहरुबाट प्राप्त सुझावहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रकिया मार्फत प्राप्त सुझावहरु,
- राजस्व परामर्श समितिको प्रतिवेदन सिफारिस,
- श्रोत तथा बजेट सिमा निर्धारण समितिको श्रोत तथा बजेट अनुमानहरु,
- बजेट तथा योजना तर्जुमा समितिले दिएका सिफारिसहरु,
- गाउँपालिकाका विभिन्न विषयगत समितिका सिफारिसहरु,
- जलउपयोग तथा जिविकोपाजन गुरु योजना
- गाउँपालिका खानेपानी सरसफाई योजना
- विगत बर्षहरुमा सम्पन्न भएका गाउँसभा बैठकहरुबाट भएका निर्णयहरु,
- गाउँकार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,
- विभिन्न बिषयगत विज्ञहरुसँग छलफल गर्दा प्राप्त सुझावहरु,
- गाउपालिकाले अनुवन्धन गरेका ऐन,नियमावली, निर्देशिका, कार्यविधिको आधारमा

**१६. बजेट तथा कार्यक्रमका प्राथमिकता क्षेत्र**

- पूर्वाधार विकास (सुधारिएको सडक)
- खानेपानी सरसफाई स्वच्छता
- कृषिमा आधुनिकीकरण तथा रैथाने वाली सरक्षण तथा प्रर्वद्धनमा विशेष
- शैक्षित गुणात्मक सुधार
- गुणस्तर तथा सर्वसुलभ स्वास्थ्य सेवामा सुधार
- सूचना प्रविधि तथा सञ्चारमा विकास
- युवा तथा स्वरोजगारमा जोड
- उद्यम र सहकारीताको विकास
- मानव संसाधन र सामाजिक विकास
- लैगिक सामाजिक समावेशिकरण
- पर्यटन प्रवर्द्धनको क्षेत्रमा विशेष जोड
- सामुदायिक वनको संरक्षण तथा व्यवस्थापन
- प्राकृतिक विपद व्यवस्थापन तथा नक्साङ्कन र पूर्व तयारी राहत वितरण र पुर्नस्थापन, पुनःनिर्माण

<u>**विद्यमान अवसर**</u>

हाम्रा लागि देहाय वमोजिमका अवसरहरु रहेका छन

१. सविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२ आफना अधिकार क्षेत्रका विषयमा ऐन कानुन तर्जुमा , योजना तर्जुमाको अभ्यास हुनु ।

३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा वजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु ।

३. गाउपालिका भित्र भौगलीक तथा सास्कृतिक बिबिधता रहनु ।

४. सबै वडागा सडक पूर्वाधारको पहुच हुनु ।

विद्यमान चुनौतीहरु

१. रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्न नसक्नु ।

कराक बहादुर शेकाया
गाउँपालिका अध्यक्ष

तलकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तलकोट, बझाङ

२. वजारको सूचना कृषकलाई समयमानै उपलव्ध गराउन नसक्नु ।
३. गुणस्तरिय विउविजन मलखाद समयमानै उपलब्ध गराउन नसक्नु ।
४. युवा जनशक्तीलाई कृषि व्यवसाय प्रति आकर्षित गन नसक्नु ।
५. व्यावसायिक कृषकको सख्या वृद्धि गर्नु ।
६. निर्माण भएका पूर्वाधार संरचनाहरुको मर्मत सम्भार पद्धतिको विकास गन नसक्नु ।
७. भिरालो ठाउँ , वाढी पहिरो तथा ढुवान लगायतका प्रकोपको उच्च जोखीम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु नसक्नु।
८. वैज्ञानीक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भुउपयोग योजना तर्जुमा गरी लागु गन नसक्नु ।

**गाउँ सभा अध्यक्ष ज्यू,**

**गाउँ सभाका सदस्य ज्यू**

१. सामाजिक विकास तर्फ

१.१. शिक्षा,

क. विद्यालय परिवारसँग गाउँपालिका कार्यक्रम संचालन गरिने छ । जसमा विद्यार्थि, शिक्षक अभिभावक, वि व्य स , शिक्षक अभिभावक संघ लगायत सरोकारवालाहरु सँग प्रत्यक्ष सम्पर्क गरि शैक्षिक गुणस्तर सुधारकालागि कार्यक्रम सचालन गरिने छ ।

ख. सवै प्रकारका मानव विकासका लागि प्राविधिक सिप सहितको गुणस्तरिय शिक्षाक्षेत्रमा लगानी वृद्धि गरिने छ ।

ग. शिक्षकको मनोवल उच्च वनाउन निश्चित मापदण्ड तयार गरि शिक्षकलाई पुरस्कृत गरिने व्यवस्था मिलाईने छ ।

घ. साक्षरता साक्षरोत्तर शिक्षा र गाउँपालिकाले पूर्ण साक्षर घोषणा कार्यक्रमलाई दिगोपना कायम गर्नका लागि सामुदायिक अध्यन केन्द्रहरुलाई क्रियासिल गराउने छ ।

ङ. सवै तहका शिक्षकहरुका मागमा आधारीत शिक्षण सिकाई तालिम प्रदान गरि शिक्षण सिकाईमा आएका कठिनाईलाई न्यूनिकरण गर्न कार्यमूलक अनुसन्धान र उपयुक्त शैक्षिक प्रविधिको उपयोगमा जोड दिदै सिकाई प्रक्रियालाई गुणस्तरीय वनाईने छ ।

च.विद्यालय दिवा खाजा र प्रारम्भिक तह पढाई सिकाई सफाई कार्यक्रमलाई प्रभावारी वनाउनकालागि गाउँपालिका वाट अनुगमनका साथै व्यवस्थापन गरिने छ ।

छ. सम्पूर्ण विद्यालयका विद्यार्थीहरु विच शैक्षिक लगायत अन्य क्षमता विकासका विभिन्न अतिरित्त क्रियाकलापहरु शैक्षिक प्रदशनी तथा गाउँपालिका स्तरिय पढाई सिकाई मेला सचालन गरिने छ ।

ज. शैक्षिक सुधार कार्यक्रम सचालन गरी आगामी आ. व.मा उक्त कार्यक्रम अर्न्तगत वालकक्षाको सुधार गरी क्रमश : माध्यामिक तह सम्म विस्तार गरिनेछ ।

झ. आधारभुत तहमा वाल पुस्तकालय, वुक कर्नर, विज्ञान कर्नर , आई .सि.टी, खेलकुद सामग्रीको व्यवस्था गरीने छ ।

ञ. गरिब बिपन्न अभिभावक बिहिन साथै अपागता भएका बालवालिका आर्थिक अवस्थाका कारण वाट अध्ययनमा कठीनाई भएका वालवालिकाको वास्तविकता पत्ता लगाई छात्रवृद्धि उपलव्ध गराई विद्यालय तहको शिक्षा पुरा गर्ने वातावरण तयार गरिने छ ।

ट. गाउँपालिकाको भौगलिक स्थिती स्थानिय परिवेश , भेषभुष, संस्कृती, पर्यटन , कृषि, जडिवुटी र पेसा व्यवसाय जस्ता विषयवस्तु मा रहि स्थानिय पाठ्यपुस्तकनिर्माण गरिने छ

ठ. गाउँपालिका भित्र रहेका समुदायको भाषा लिपी संस्कृतिलाई उजागर संरक्षण पचार प्रशार गर्नका लागि गाउपालिकामा सचालन भएको आधारभुत तह १ देखी ३ सम्म को कक्षामा स्थानिय भाषा सचालन गर्ने प्रक्रियालाई निरन्तरता र अन्य मातृ भाषालाई आवश्यकता अनुसार अध्ययन गर्ने निति अवलम्वन गरि पाठ्यपुस्तक समावेश गरिने छ ।

तलकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तलकोट, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

दलक बहादुर रोकाया
गाउँ सभा अध्यक्ष

ड. विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीको समस्याका कारणवाट विद्यालय वा कक्षा छाड्ने समस्या समाधान गर्न सेनिटरी प्याड तथा व्यवस्थापन सामग्री वितरण गरिने छ। साथै विद्यालयमा विद्यार्थिहरुलाई आउने स्वास्थ्य सम्वन्धी समस्या समाधानका उपाय सम्वन्धी सचेतना जनाउने कार्यका लागि विद्यालय नर्सिंग कार्यक्रम सचालन गर्न पहल गरिने छ।

ढ. नमुना विद्यालय अवधारणालाई गाउपालिकाले आत्मसाथ गर्दै आ व २०८०/०८१ मा ३ वटा विद्यालयलाई तिन तारे विद्यालय सुनिश्चीता गरिने छ।

ण. प्रत्येक वर्ष कक्षा ८ मा गाउपालिका दारा आधारभूत शिक्षा परीक्षा सचालन गरिने छ।कक्षा १०– १२ मा सचालन हुने प्रदेश र राष्टिय परीक्षालाई नै उपलव्धी परीक्षणको रुपमा उपयोग गरिने छ। परीक्षा तथा मुल्याकन प्रणालीलाई व्यवस्थीत वनाइ एकरुपता कायम गरिने छ।

त. संघ र प्रदेश सरकार सँग सहकार्य गरि विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि लागत साझेदारी गरिने छ

थ. शिक्षा तथा मानव श्रोत विकास केन्द्र द्धारा उपलब्ध विद्यालय हरुको एकिकृत व्यवस्थापन प्रणाली इमिस व्यवस्थीत र सुदृढ गरिने छ। यसका लागि थप तालिमको व्यवस्था गरिने छ।

द. विद्यालयमा स्वास्थ्य तथा पोषण सरसफई कार्यक्रम सचालन गरिने छ। यस्ता किसमका कार्यक्रम सचालान गर्ने सरोकारवाला निकायसँग सहकार्य गरिने छ।

ध. सवै विद्यालयमा सूचना तथा संचार प्रविधिको आधारभुत सुविधा र उपकरणको थप प्रभावकारी रुपमा नेट इन्टरनेटको व्यवस्था गरिने छ।

न. पन्च वर्षिय गाउँ शिक्षा योजना निर्माण गरी शैक्षिक गुणस्तर वृद्धि गरिने छ। साथै आगामी वर्ष देखी शैक्षिक क्यालेन्डर निर्माण गरि कार्यान्वियन गरिने छ।

**१.२. जनस्वास्थ्य**

क. गाउँपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिने सेवालाई थप प्रभावकारी वनाउन श्रोत साधन सम्पन्न वनाइने छ। घरमै प्रसुति हुने प्रचलनलाई पूर्णतया निरुत्साहित गरि घरमा प्रसुति हुने क्रमलाई शुन्यमा झारिने छ।

ख. ग्रामिण क्षेत्रमा रहेका महिलाहरुको स्तन तथा पाठेघरको मुखको क्यान्सर समयमा पत्ता लगाउन तालिम प्राप्त स्वास्थ्य कर्मी परिचालन गरि शिविर संचालन तथा सुविधा उपलब्ध गराइने छ।

ग. पूर्ण खोप , परिवार नियोजन सेवा, सुरक्षित मातृत्व , गाउँघर क्लिनिक जस्ता सेवालाई व्यवस्थित गर्दै स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयमसेविकाको मनोवल उच्च राख्न आवश्यक निति लिईने छ।

घ. ५ शैयाको अस्पताललाई जती सक्दो छिटो प्रक्रिया अगाडी वढाई उक्त अस्पताल सम्पन्न गरि आधारभुत स्वास्थ्य सेवा पाउने जनताको मौलिक हकलाई सुनिश्चिता गर्न स्वास्थ्य संस्था स्थापना गरिने छ।

ङ .स्वास्थ्य सेवाहरु सर्वसुलभ , प्रभावकारी र गुणस्तरीय वनाउन जनसख्या, भुगोल अनुरुप दरवन्दी, स्वास्थ्य उपकरण र पूर्वाधारको व्यवस्था गरी उनिहरुलाई काम गर्नकोलागि उत्साहजनक वातावरणको प्रत्याभुती गर्ने साथै दक्ष , पेशागत क्रियाशिल जनशक्तीको विकास गर्दै लगिने छ। साथै उत्कृष्ट कार्यक्षमता भएका संस्था तथा सेवाप्रदायकलाई प्रोत्साहन गरिने छ।

च स्वास्थ्य पोषण प्रर्वद्धनका लागि वहुक्षेत्रीयको समन्वयका माध्यामवाट गुणस्तरीय एवं स्वास्थ्यबर्धक खाद्य पदार्थको प्रवर्धन, उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गरि कुपोषणलाई न्युनिकरण गर्ने र पोषण सम्वन्धी जनचेतना वढाउन घरमा वस्ने र विद्यालय जाने उमेरका वालवालिकाहरुको स्वास्थ्य तथा पोषण प्रर्वधनमा ध्यान दिदै विशेष सवोधन गरिने छ।

छ. पालिका स्तर तथा वडा स्तरमा गठन गरिएका खाद्य सुरक्षा निर्देशक समितिहरुलाई सक्रिय

तलकोट गाउँपालिका गाउँपालिकाको कार्यालय तलकोट, बझाङ

... बहादुर रोकाया ... सभा अध्यक्ष

गराई अनुगमन तथा परिचालनको क्षेत्र विस्तार गरिने छ ।

ज. जेष्ठ नागरिकहरुलाई कम्तिमा दैमासिक रुपमा सामान्य स्वास्थ्य परिक्षण गराई जेष्ठ नागरिक सम्मान सहितको परामर्श सेवा गरिने छ ।

झ. तलकोट गाउँपालिका भित्रका स्थानिय स्तरमा उपलब्ध जडीवुटीको अध्ययन, खोज तथा अनुसन्धान गरिने छ ।

ञ. गाउपालिकामा रहेको आयुर्वेद औषधालय र नागरिक आरोग्य केन्द्रवाट प्रदान गरिने सेवालाई व्यवस्थित र प्रभावकारी वनाई सेवा विस्तार गरिने छ ।

ट. नि: शुल्क आयुर्वेद स्वास्थ्य शिविर तथा योग शिविर संचालन गरिने छ ।

ठ.मानसीक रोग को गम्भीरतालाई हेरेर मानसीक रोग सम्वन्धीसरोकारवाला सवैलाई जनचेतनामूलक कार्यक्रम र औषधीको व्यवस्था गरिने छ ।

ड) मातृ तथा नर्वशिशु कार्यक्रमलाई प्रविती मैत्री वन्नाउन मोवाईल कार्यक्रमलाई प्रभावकारी वन्नाउन सरोकारवाला सवै सँग समन्वय सहकार्य गर्ने नीति लिइने छ ।

ढ) मातृ तथा नवशिशु कार्यक्रमलाई उच्च प्राथमिकता दिदै सवै वथिग सेन्टरमा एस वि ए वाट दक्ष्य प्रसुती सेवा प्रदान गर्न उचित वजेटको व्यवस्था गरिने छ ।

ण) एन सि डि कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

**गाउँ सभा अध्यक्ष ज्यू,**

**गाउँ सभाका सदस्य ज्यू,**

**१.३. खानेपानी सरसफाई स्वच्छता**

क. नागरिकहरुलाई सफा, स्वच्छ र सुरक्षित खानेपानीको व्यवस्थापन गर्न क्रमिक रुपमा एक घर एक धारा आयोजनाहरु ४ वर्ष भित्रमा सवै घरधुरीहरुलाई सफा स्वच्छ र सुरक्षित पिउने पानीको व्यवस्था गरिने छ ।

ख. आफनो घर टोल वस्ती, वडा र गाउापालिका सफा र सुरक्षित वनाउन पूर्ण सरसफाई उन्मुख योजनालाई कार्यान्वयनमा ल्याइने र सरसफाईका सूचकहरु तोकी कायान्यन भए नभएको अनुगमन गरिने छ ।

ग. खानेपानीका मुहान र जलाधार क्षेत्रको संरक्षण तथा वृक्षारोपण गरि सुरक्षित पानीमा पहुँच का साथै वातावरण सरक्षण गरिने छ ।

घ. सार्वजनिक शौचालय र घर घरमा अनिवार्य शौचालय अभियान सचालन गरिने छ ।

ङ खानेपानी तथा सरसफाई स्वच्छतालाई नियमित सचालन तथा दिगोपनाका लागि वास इकाई लाई थप व्यवस्थापन गदै लगिने छ ।

च. निर्माण सम्पन्न खानेपानी योजनाहरुलाई N WASHप्रणालीमा प्रविष्ट तथा अध्यावधी गरिने छ

छ. वडाका मुख्य वजारहरुमा सार्वजनिक शौचालय र फोहर विर्सजन खाल्डोको व्यवस्थापन गरिने छ ।

ज. शौचालय निर्माण र प्रयोग नगर्ने घरपरिवारलाई गाउँपालिका र वडावाट उपलव्ध हुने सवै सेवाहरु रोक्का गरिने छ ।

झ) खानेपानी उपभोक्ता महा संघ तथा सञ्जाललाई संस्थागत गदै लैजाने छ।

**१.४ धार्मिक, संस्कृति, भाषा, कला तथा साहित्य**

क. परम्परागत प्राचिन मौलिक सस्कार संस्कृतिको संरक्षण, जगेर्ना, विकास र प्रर्वद्धनमा जोड दिईने छ जस्तै स्थानिय मेला , दशै, तिहार,भुवा,गौरा, तपोवन माघे सकान्ती, वहुलेठाइ, मालिका, राउडी मेला र भाते नाच र पञ्चेवाजा सरक्षणमा जोड दिइने छ ।

ख. तलकोट दरवार सास्कृतिक सङ्ग्रहालय स्थापनामा उचित पहल गरिने छ ।

ग. परम्परागत पानी घट्ट, ओखल,जातो मन्दीर, आरन संरक्षण प्रवर्धन सुधारका लागि प्रोत्साहन गरिने छ ।

तलकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तलकोट, बझाङ

कलक बहादुर रोकाया

१.४ महिला, वालवालिका र सामाजिक समावेशीकरण

क. वहुविवाह, वालविवाह, घरायसीरुपमा हुने सवै प्रकारका लैगिक हिंसा, विभेद, कुरीती एवम् कुसंस्कारको अन्त्य गर्न गाउपालिकाभित्र संचालित कार्यरत संघ संस्थाहरु संग सहकार्य समन्वय गरि सामाजिक रुपान्तरण गरिने छ ।

ख. गरिव, पिछडिएका, दलित, जनजाती, विपन्न, एकल,अपाग महिलाहरुको तथ्याङ्क सुचिकृत गरि सिप, क्षमता विकास गरि आय आर्जनमा जोड दिईने छ ।

ग. अति विपन्न, असहाय, अनाथ वालवालिका संरक्षण तथा वाल मैत्री कार्यक्रमलाई निरन्तरता दिदै वाल कोष स्थापना गरि शैक्षिक लगायत क्षमता विकासमा कोष परिचालन गरिने छ ।

घ. सवै प्रकारका अंपागता भएका व्यक्तिहरु र गाउपालिका अर्न्तगतका जेष्ठ नागरीकहरुलाई वितरण गदै आएको सेवा सुविधा घरदैलोमा पुर्याई त्यस्ता लक्षित वर्गको सामाजिक संरक्षण गरिने छ साथै जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिईने छ ।

ङ हिंसामा परेका महिलाहरुलाई कानुनी उपचार र सामाजिक न्यायका लागि कानुनी सचेतनाका साथै महिलाहरुको सशक्तीकरण कार्यक्रम सचालन गरिने छ ।

च. गाउपालिकामा सचालन गरिने हरेक क्रियाकलापहरुमा महिला, दलित, जनजाती, अपागता भएका व्यक्तिको सहभागिता र पहुच अभिवृद्धि गरि सामाजिक सदभाव कायम गरिने छ ।

छ. उपाध्यक्षसंग सुनौला हजार दिनका आमा कोसेली भेटघाट कार्यक्रमलाई निरन्तरता दिइने छ

ज. गाउपालिका कार्यालय भित्र वाल अधिकारको सुनिश्चीताका लागि स्तनपान कक्षको व्यवस्थापन गरिने छ ।

**१.५ युवा, खेलकुद तथा नवप्रबर्तन**

क. खेलकुद क्षेत्रको विकासकालागि राष्ट्रपती रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिईने छ

ख. वडास्तरीय र विद्यालयस्तरीय खेलकुद तथा विविध रचनात्मक कार्यक्रम तथा प्रतियोगिताहरुको सञ्चालनलाई निरन्तरता दिईने छ ।

ग. जिल्ला र राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्न प्रोत्साहनका कार्यक्रम सचालन गरिने छ ।

घ. संघ तथा प्रदेश सरकारको सहकार्यमा गाउपालिका भित्र एक वहुउपयोगी खेलमैदान निर्माणका लागि पहल गरिने छ ।

**१.६ युवा तथा रोजगार**

क. दक्ष तथा सक्षम जनशक्तीको विकास गरि आन्तरिक रोजगारीको प्रवर्धन गर्न आवश्यक सिपमुलक तालिमको पहिचान गरि वेरोजगार व्यक्तिलाई तालिमको आयोजना गरिने छ।

ख. गाउपालिकामा दर्ता भएका वेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारकिो प्रत्याभुति गर्नका लागि पारिश्रमिकमा आधारीत सामुदायिक आयोजना सञ्चालन गरि श्रममुलक आयोजना मार्फत समुदायको विकास सगै सामाजिक संरक्षणको प्रत्याभुति गराइने छ ।

ग. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा सचालन गरिने छ साथै वेरोजगारीको सुचिका आधारमा वजेट विनियोजन गर्ने विधि अपनाईने छ ।

घ. संघ तथा प्रदेशले ल्याएको रोजगारमुलक कार्यमा अपनत्व कायम गदै रोजगारीका क्षेत्र विस्तार गरिने छ ।

ङ . श्रम सम्वन्धलाई प्राथमिकता दिदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग वित्तिय क्षेत्रवाट रोजगारी सृर्जना गरिने छ ।

च. आन्तरीक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय, निजि,सहकारी तथा गैह्सरकारी क्षेत्रसंग समन्वय र सहकार्यमा जोड दिईने छ।

छ. वैदेशिक रोजगारवाट फर्किएका, रोजगारी गुमाएका युवाहरुलाई उद्ययमशीलता गराउन विउँ पूँजी उपलव्ध गराउने गरी युवा लक्षित कार्यक्रम कार्यान्वयन गर्न आवश्यक व्यवस्था गरिने छ ।

ज. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालनलाई शसक्त रुपमा कार्यान्वयन

कलक वहादुर रोकाया

गरिने छ

**गाउँ सभा अध्यक्ष ज्यू,**

**गाउँ सभाका सदस्य ज्यू,**

१.७ खाद्य सुरक्षा तथा पोषण

क. वहुक्षेत्रीय पोषण योजनाले निदृष्ट गरेका उपलब्धी तथा प्रतिफल प्रापतीको लागि विषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र सम्वेदनशिल क्रियाकलाप सचालन गरिने छ ।

ख. महिला वालवालीका लक्षीत कार्यक्रम जस्तै वाल पोषण अनुदान, खोप कार्यक्रम, वाल मैत्री स्थानीय शासन खानेपानी सरसफाई आदीमा समेत वहुक्षेत्रीय पोषण योजनामा समावेश गर्दै पूर्ण पोषण मैत्री टोल वडा न.४ को लोकण्डमा कार्यक्रम सचालन गरि घोषणा गरिने छ।

ग. गाउपालिकाले टोल घोषणा गर्दै वडा हुदै पोषण मैत्री गाउँपालिका घोषणा कार्यक्रमका लागि प्रतिवद्धताका साथ नीति लिई कार्यलाई अगाडी वढाईने छ ।

घ. पोषण मैत्री कार्यान्वयनका लागि आवश्यक वजेटको व्यवस्था गरी कार्यक्रम सचालन गरिने छ ।

ङ पोषण विशेष, पोषण संवेदनशील र पोषण मैत्री वातावरण सम्वन्धी कार्यक्रमको विस्तार गरि महिला किशोरी तथा वालवालीकाको पोषण अवस्थामा सुधार ल्याई मानव पुँजीको विकास गरिने नीति लिइएको छ ।

**गाउँ सभा अध्यक्ष ज्यू,**

**गाउँ सभाका सदस्य ज्यू,**

## २. पूर्वाधार विकास तर्फ

क. एक गाउ एक सडक निर्माण कार्यलाई निरन्तरता दिई अधुरा रहेका सडक ट्रयाकहरुको पूर्णताका साथै स्तरोन्नती गरी वाहै महिना संचालन हुने अवस्थामा ल्याइने छ ।

ख. उत्पादित वस्तुको वजार व्यवस्थापनको लागि आवश्यक पर्ने क्षेत्रमा संकलन केन्द्र स्थापनाका लागि पहल गरिनुका साथै निर्माण भएको वडा नं. १ सुनिकोटको सकलन केन्द्रलाई उचित व्यवस्थापन गरिने छ ।

ग गाउपालिका अर्न्तगत निर्माण हुने ठुला आयोजनाहरुको कार्यान्वयन अगाडी सम्भाव्यता अध्ययन एवम् वातावरणीय प्रभावको समेत अध्ययन र विश्लेषण गरि मोटरेवल पुल तथा ठुला संरचना भवन , पार्क, खेलमैदान निर्माण गर्दा विस्तृत परियोजना प्रतिवेदन (DPR ) तयार गरि सोको आधारमा मात्र निर्माण कार्य अगाडी बढाइने छ ।

घ. संघिय सरकार र प्रदेश सरकारसगको सहकार्यमा समन्वयमा विशेष प्राथमिकता साथ मुख्य सडक जस्तै रुवातोला खौला, खौला किदन्न वडीगाउँ, खौला लोकण्ड सडकका कठिनाई घुम्ती, हिलो भईरहने सडक खण्डलाई स्तोरोन्नतीका लागि प्राथमिकता दिई यातायातलाई १२ महिना सहज वनाईने छ ।

ङ गाउँपालिका एवम् संघ र प्रदेश सरकारको साझेदारीमा रुवातोला देखी कोट सम्मको ५ सय मिटर पर्यटकिय झोलुङ्गे पुल निर्माणलाई उच्च प्राथमिकता दिई पहल कार्य अगाडी वढाइने साथै निर्माण सम्पन्न झोलुङ्गे पुलहरुको मर्मत सम्भार गर्ने निति लिईने छ ।

च. उत्पादन र उत्पादकत्व अभिवृद्धि गरि जनताको आर्थीक सामाजिक अवस्थामा सुधारका लागि खेतीयोग्य जमिनमा सिचाई सुविधा उपलब्ध गराउन साना मझौला र ठुला सिचाई आयोजना सञ्चालन गरिने छ । साना स्तरका सिचाई योजना गाउँपालिकावाट नै निर्माण गरिने र मझौला तथा ठुला सिचाई योजना सरोकारवाला निकाय संगको सहकार्यमा सम्पन्न गरि सिचित भुमिमा उत्पादनमुखी कार्यक्रम सञ्चालन गरिने छ ।

छ. गाउपालिका भित्र निर्माधिन संरचनाहरुलाई व्यवस्थीत गर्नका लागि भवन निर्माण तथा

तलकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तलकोट, बझाङ सुदूरपश्चिम प्रदेश नेपाल

कलक बहादुर रोकाया

योजना मापदण्डको अधिनमा रहि भवन संरचना निर्माण गर्दा अनिवार्य रुपमा घर नक्सा पास गर्नु पर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गरिने छ ।

ज. गाउपालिका भित्रका गरिव, विपन्न, दलित , जनजाती र सिमान्तकृत समुदायका लागि सुरक्षित आवास ( खर मुक्त ) वाट जस्तापाता अनुदान उपलव्ध गराई निजहरको छाना व्यवस्थीत गर्न सुरक्षित आवास कार्यक्रमलाई निरन्तरताका लागि आवश्यक पहल गरिने छ ।

झ. भुकम्प पछिको पूर्ननिर्माण कार्यक्रमलाई निरन्तरता दिदै पूर्नःनिमाणको कार्यलाई प्रभावकारी रुपमा समयमै कार्यान्वयन गराउनका लागि आवश्यक पहल गरिने छ ।

ञ. भौतिक पूर्वाधार अभाव भएका विद्यालयहरुको भवन निर्माण लगाएतका पूर्वाधार संरचनाहरु ( शौचालय, पुस्तकालय, छात्र छात्रावास, घेरवार, खेलमैदान ) को निर्माण कार्यलाई संघ र प्रदेश सकार र अन्य दातृ निकायहरुको सहकार्यमा निरन्तर अगाडी वढाईने छ । साथै नमुना विद्यालयको अवधारणालाई पूर्णता दिईने छ ।

ट. गाउँपालिका वा अन्य निकायको सहयोगमा निर्माण गरिने भवन लगायतका भौतिक संरचनाहरु लैगिंक, बालबालिका तथा अपांग मैत्री र भुकम्प प्रतिरोधी बनाउनुका साथै भवन आचारसंहिताको परिपालना गरिने छ ।

ठ. विद्युत पशारण लाईनको केन्दीय लाईनमा आवद्ध हुन बाँकी वडा एवम् टोलहरुलाई केन्दीय प्रशारण लाईनमा आवद्ध गराउनका साथै विद्युतको पँहुच पुग्न नसकेका घरपरिवारलाई विद्युत सेवामा आवद्ध गराउन प्रदेश सरकार तथा नेपाल विद्युत प्राधिकरणको समन्वयमा विद्युत सेवा उपलव्ध गराईने छ ।

**२.२ सूचना तथा सञ्चार प्रविधि विकास**

क) गाउपालिकाद्धारा संचालन गरिने विभिन्न योजनालाई प्रभावकारी रुपमा अनुगमनको लागि सूचना प्रविधिको प्रयोग मार्फत योजना व्यवस्थापन तथा अनुगमन प्रणालीको विकास गरिने छ।

ख.) डिजिटल श्रोत नक्सा र जोखिम नक्साङ्कन सहितको अनलाईनमा आधारित एकिकृत भौगोलीक सूचना प्रणालीको विकास गरिने छ ।

ग.) राजश्व संकलनमा भई रहेको कठिनाईलाईमध्यनजर गदै विद्युतीय भुक्तानी प्रणालीसंग आवद्ध गरी थप प्रभावकारी वनाइने छ ।

घ ) कार्यालयका दस्तावेज र आन्तरीक सेवा प्रवाहमा सूचना प्रविधिको विकास गरिने छ ।

ङ ) सार्वजनिक सेवा प्रवाहलाई कागज रहित वनाई विद्युतीय शासन पद्धतीको क्रमस लागु गदै जाने नीति वनाई लागु गरिने छ ।

च.) गाउँपालिकाका सूचना नीति, योजना, कार्यक्रम,वजेट, ऐन नियमावली, प्रतिवेदन, सार्वजनीक सुनुवाई, निर्णयहरु लगायतका महत्वपूर्ण जानकारीलाई वेवसाइट र मोवाईल एप्सको माध्यामवाट पारदर्शि रुपमा प्रकाशीत गरिने छ ।

छ.) गाउपालिका भित्र रहेका सम्पूर्ण शिक्षा , स्वास्थ्य संस्था र खानेपानी सरसफाई, एम आई एस, राजश्व, आर्थिक शाखा प्रविधि मैत्री वनाउन इन्टरनेट जडान गरि सरकारी नीतिलाई आत्मसाथ गदै क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिने छ ।

ज). गाउपालिका वाट हुने सम्पूर्ण भुक्तानी प्रक्रियालाई EFT प्रणाली लाई व्यवस्थीत गरिदै लैजाने छ ।

**गाउँ सभा अध्यक्ष ज्यू**

**गाउँ सभाका सदस्य ज्यू**

३. आर्थिक विकास तर्फ

कलक बहादुर शेकाया
गाउँपालिका अध्यक्ष

तलकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तलकोट, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

३.१ कृषिविकास

क.) उच्च मुल्यका फलफुल तरकारी तथा अन्नवालीहरुको पकेट क्षेत्रहरु पहिचान गरि सघन कृषि क्षेत्र निधारण गरी ति स्थानहरुमा व्यवसायिक कृषि कार्यक्रम सचालन गरिने छ।

ख.) रैथाने वालीको विउविजन संरक्षण , खेती विस्तार र वजारिकरणको लागि विशेष प्रबन्ध मिलाइने छ साथै गाउपालिका भमण्र गर्ने पर्यटकहरुलाई स्थानिय परिकारको ब्राण्डको रुपमा खाना उपलव्ध गराइने छ ।

ग.) उत्पादन लागत थोक तथा खुद्रा मुल्य विश्लेषण गर्दै विचौलियावाट उत्पादन माथि हुने ठगी शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिका भित्र सर्मथन मुल्य निधारण गरिने छ । साथै वजारमा हुने मागको जोखिमलाई न्यूनिकरण गर्न व्यवसायिक कृषकका लागि तोकिएको मुल्यमा गाउपालिकाले विक्रीहुन नसकेको उत्पादन किन्ने ग्यारेन्टी गरिने छ ।

घ.) व्यवसायिक कृषि पकेट क्षेत्रमा सिचाई, कृषि सडक, यान्त्रीकउपकरण, प्रशोधन, विद्युतीकरण , कृषि वजार, सित भण्डारण,तथा गोदामघरहरुको निर्माण गर्न सघ र प्रदेश सरकार र अन्य निकाय संग सहकार्य पहल गरिने छ ।

ङ) रासायनिक मलको न्यनिकरण गर्दै प्राङ्गारीक मलको प्रयोगमा विस्तार गरि कम्पोष्ट मल उत्पादन र प्रयोगका माध्यामवाट गुणस्तरीय उत्पादनमा जोड दिईने छ ।

च). गाउँपालिकामा एक घर एक करेशावारी कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।

छ.) तलकोट गाउँपालिकाको क्षेत्रभित्र कम्तिमा ३ देखी ५ रोपनी क्षेत्रफलमा व्यवसायिक खेती गर्ने कृषकहरुलाई प्रोत्साहन स्वरुप पालिकावाट विशेष सहयोग गरिने छ ।

ज.) पालिकालाई कोदो, फापर, उवा, लट्टे, कागुनु, रातो धान, गुराउस दाल, जस्ता लोपोन्मुख वालीहरुमा आत्मनिर्भर वनाउदै रैथाने वालिका रुपमा संरक्षण र सर्म्वधन गर्न अनुगमन गरि उचित अनुदानको व्यवस्था गरिने छ ।

झ) गाउपालिकाको उच्च भेगहरुमा जडीवुटी, सतुवा , चिराइतो, स्याउ, दाते ओखर, आरु, नास्पाती जस्ता फलफुल विरुवाहरुको लागि माटो परिक्षण गरि वृहत रुपमा समन्वय सहकार्य गरी अभियान सचालन गरिने छ ।

ञ) गाउपालिकाको मध्ये क्षेत्रमा अमिलो जातका फलफुल विरुवाका लागि वहुउदेश्यि नर्षरी स्थापना गरि उत्पादित विरुवाहरु अन्य पालिकामा निर्यात गरिने छ ।

ट.) कृषि आधुनिकरणमा मौसमी तथा वेमौसमि व्यवसाय गर्ने कृषकहरुलाई टनेल, प्रशोधन मेसिन कार्यक्रम ५० प्रतिशत अनुदानमा उपलव्ध गराइने छ ।

ठ) कृषि सेवा विस्तारका लागि एक वडा एक कृषि प्राविधिकको व्यवस्था गरिने छ ।

ड) एक वडा एक नमुना अगुवा कृषक छनौट गरि विशेष प्रामिकता दिईने छ ।

**३.२. पशुपंक्षी विकास**

क.) माछा, मासु, अण्डा, दुधमा आत्मनिर्भर वनाई उत्पादन, प्रशोधन र विक्री वितरणमा जोड दिईने छ ।

ख.) परम्परागत भेडा, वाखा, गाई, कुखुरा, भैसीका घुम्ती गोठ तथा खर्कहरुलाई सुदृढ गर्दै पशुजन्य वस्तु तथा परिकारको प्रशोधन र व्यवसायिकरणमा जोड दिईने छ ।

ग.) बजार क्षेत्रहरुमा आधुनिक र व्यवस्थित मासु पसल सुधारमा सहयोग गरिने छ ।

घ.) पशु विमालाई प्रोत्साहित गरिने छ ।

ङ) व्यवसायिक पशुपालन मार्फत रोजगार सृजना गरि युवाहरुलाई गाउँभित्रै स्वरोजगार वनाउनका लागि प्रतिस्पर्धी अनुदान उपलब्ध गराई युवा लक्षित पशुपालन कार्यक्रम सञ्चालन गरिने छ ।

च.) व्यवसायिक पशुपालन , पशु बिमा, गोठ तथा भकारो सुधार उन्नत नश्लका गाई, भैसी तथा वाच्छा वाच्छी, पाडा पाडी हुर्काउने कृषकहरुलाई प्रोत्साहन गर्ने दुध, र मासुको उत्पादन वृद्धि गर्न रैथाने जातका पशु पालन संरक्षण प्रर्वद्धन तथा उन्नत जातका पशु पालनलाई प्राथमिकता दिईने छ । पशु उपचार सेवालाई निरन्तरता दिईने छ ।

तलकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तलकोट, बझाङ

कलक बहादुर रोकाया
गाउँपालिका अध्यक्ष

छ) पशु पालन सेवा विस्तारका लागि एक वडा एक पशु सेवा प्राविधिकको व्यवस्था गरिने छ।
ज) हाल गाई, भैसीमा महामारीको रुपमा फइली रहेको लम्की स्कीन रोगको रोगथामका लागि भ्याक्सीन तथा उपचार सेवालाई प्राथमीकता दिईने छ।
झ) पशु पालनको पकेट क्षेत्र तोकी प्राथमीकताका आधारमा जोड दिईने छ।
ञ) पशु पालनमा नश्ल सुधारकामा जोड दिईने छ।
ट) एक वडा एक नमुना फार्म स्थापना गर्न विशेष प्रामिकता दिईने छ।

## ३.३ पर्यटन प्रबर्द्धन

क.) पर्यटन विकासलाई गाउँपालिकाको आर्थिक विकासको आधार मानी आन्तरिक तथा वाह्य पर्यटक आगमन वढाउन प्रचार प्रचार र पर्यटन प्रवर्धनका कार्यक्रम सञ्चालन गरिने छ।
ख). तातो पानी तपोवन, राउडी मष्टा, दातोली झरना, मालिका थान, तलकोट दरवार, भेरीछडा झरना लगायतका धार्मिक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण स्थलको विकासका लागि आवश्यक गुरुयोजना तयार गरिने छ।
ग.) गाउपालिका क्षेत्र भित्र पर्यटक स्थलमा होमस्टे (घर वास )हरुको प्रर्वधन आवश्यकता अनुसार व्यवस्थापन गरिने छ।
घ) स्थानिय कला संस्कृती र चाड पर्वको मौलिकता कायम राख्नका लागि आवश्यक कार्यक्रम सचालन गरिने छ।

## ३.६ सहकारी तथा गरिवी निवारण

क) सहकारी संस्था सम्वन्धी स्थानिय नीति कानुन र मापदण्ड निर्माण, कार्यान्वयन र नियमनमा जोड दिइने छ।
ख). कम पूँजी र समान उदेश्य भएका सहकारीलाई एकिकरण गर्न प्रोत्साहन गरिने छ।
ग). सहकारी संस्थाको क्षमता अभिवृद्धि प्रर्वधन र विकासमा सहयोग गरिने छ।
घ.) सहकारीलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने निति अवलम्वन गरिने छ।
ङ). सहकारीको सिद्धान्त , मुल्य मान्यतालाई आत्मसाथ गर्दै सदस्यहरुको हितमा काम गर्न समन्वय र सहजिकरण गरिने छ।
च). गरिविको रेखामुनि रहेका घरपरिवारहरुको पहिचान , तथ्याक संकलन गरि आथिक गतिविधि का कार्यक्रम सञ्चालन गरिने छ।
छ). गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई गरिवी निवारणको ससक्त माध्यामका रुपमा पहिचान गरि प्रभावकारी कार्यान्वयन गरिने छ।

## ३७ उधोग व्यापार तथा व्यवसाय

क) गाउपालिका वडा न. ६ मा निर्माण भएको औधौगिक ग्राम संचालनका लागि आवश्यक प्रक्रिया अगाडी वढाइने छ।
ख) स्थानिय , कृषि, वन र जडीवुटी संग सम्वन्धीत कच्चा प्रदार्थहरुको प्रयोग गरि साना तथा घरेलु उद्योग स्थापनामा प्रोत्साहन र सहयोग गरिने छ।
ग) गाउपालिकाको क्षेत्र भित्र रहेको जडीवुटी प्रशोधन र खेतवारीमा उत्पादन गरिएको अदुवा, खुसानी, धनीया, टिमुर, दाउचिनि काउलो लाई लद्यु उद्यमको सहजिकरणमा सिप विकास गरि उद्योग व्यापारलाई प्रोत्साहन गरिने छ।
घ) जल जमिन जगलका माध्यामवाट स्थानिय श्रोतको सदुपयोग गरि उद्योग स्थापनामा आवश्यक सहयोग र समन्वय गरिने छ।
ङ.) ढुङगा, गिट्टी, वालुवाको श्रोतको खोजि र पहिचान गरि उत्खनन र निकासी गर्ने व्यवस्था मिलाइनेछ।

**गाउँ सभा अध्यक्ष ज्यू**
**गाउँ सभाका सदस्य ज्यू**

कलक बहादुर शेकाया
गाउँपालिका अध्यक्ष

तलकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
तलकोट, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

## ४ वन वातावरण तथा फोहर मैला र विपद् व्यवस्थापन

क). हरियो वन नेपालको धन मुल नारालाई आत्मसात गर्दै वन तथा वन्यजन्तुको संरक्षण र वन पैदावारको उपयोगलाई व्यवस्थित एवम् आम उपभोक्ताहरुको हित हुने गरि सहज र व्यवहारीक बनाउनका लागि संरक्षणकर्मी विभिन्न संघ संस्थाहरु , सामुदायिक वन , उपभोक्ता समितिहरु र स्थानिय उपभोक्ताहरु संगको सहकार्यमा जोड दिइने छ ।

ख) गाउँपालिका अर्न्तगत रहेका वनक्षेत्र लगाएत सवै स्थानका सार्वजनिक जग्गाहरुको अतिक्रमण र अव्यवस्थीत अवैध उपयोगलाई रोक्नका लागि सम्वन्धीत निकायहरु संगको सहकार्य गरि आवश्यक कानुन निर्माण गरिने छ ।

ग.)गाउपालिका अर्न्तगतका पुरातात्विक महत्वका मठ, मन्दीर, चौतारा, नाउला, पोखरी, विद्यालय, स्वास्थ्य चौकी, पार्क विश्राम स्थलहरु र त्यसको महत्व सग जोडीएका रुख विरुवाहरुको संरक्षण गर्दै सार्वजनिक स्थानको सन्तुलन कायम राख्नका लागि हरियालीप्रर्वधन कार्यक्रम सचालनमा जोड दिईने छ ।

घ) गाउपालिकाका भित्र हुने सवै खालका विकास निर्माणका कार्यहरु गर्दा वातावरणीय पक्षलाई विशेष ध्यान दिइने छ ।

ङ) गाउपालिका भित्र वाढी तथा पहिरो पुर्व सूचना प्रणाली र प्रत्यक वडा तथा पालिका तहमा आवश्यक सामग्री सहित आपत्कालीन उद्धार केन्द्र स्थापनामा पहल गरिने छ ।

च) फोहर मैला उचित व्यवस्थापनका लागि आवस्यक ल्यान्ड फिल्ड साईटको सम्भाव्यता अध्ययन गरिने छ ।साथै सरोकारवालाहरुसंगको सहकार्यमा प्लास्टिक र सिसा जन्य सामग्रीहरुको उपयोगलाई निरुत्साहित गर्दै जाने नीति लिइने छ ।

छ.) विपद् व्यवस्थापन कोष सचालन कार्यविधि अनुसार परिचालनमा ल्याईने छ ।

ज.) सरकारी वनको संरक्षण, वैज्ञानीक वन व्यवस्थापनमा जोड दिई सामुदायि वनहरुको व्यवसायिकरण र वृक्षारोपणमा जोड दिइने छ ।

झ) गाउँपालिका अर्न्तगत जोखीममा रहेका वाडी पहीरोले क्षेतिहुने क्षेत्र वडा नं. १ घटेट् वगर, भाटगाउँ, वडा नं. वाठपाला मन्दीर क्षेत्र, वडा नं. ३ वष्टी रुवातोला, सेती किनार, वडा नं. ४ डौठी, भैतेगाड, पतिउडी चौका मेला, वडा नं. ५ ठुला साधु देखी कोडी साधु, भाडखोला, मौरा वडा न.. ६ वडीगाउँ पहिरो वडा नं. ७ धामीगाउँ दातोला, किदन्न जस्ता क्षेत्रमा बाढी तथा पहिरो नियन्त्रणका लागि आवश्यक पहल गरिने छ।

ञ) वन जगलमा खेर गइरहेको काठलाई उचीत व्यवस्थापन गर्ने नीति लिइने छ ।

## ४.२ भू सरक्षण र जलाधार व्वस्थापन

क. भू उपयोग निति अवलम्वन गरि जमिनको माटो परिक्षण गरी उचाई अनुसारको सम्भाव्यता भएको कृषि उत्पादनका लागि उर्वर भुमिको उपयोगमा जोड दिईने छ ।

ख. वाँझो जमिनको तथ्याक संकलन गरि कृषि वन संग सम्वन्धीत खेती संचालन गर्नलाई प्रोत्साहन गरिने छ ।

ग. सार्वजनिक जग्गा पहिचान, लगत संकलन , संरक्षण र उपभोगको निति लिईने छ ।

**गाउँ सभा अध्यक्ष ज्यू**

**गाउँ सभाका सदस्य ज्यू**

## ५ सुशासन तथा सस्थागत विकास तर्फ

क) गाउँपालिका वाट प्रवाह गरिने सेवालाई मितव्ययी, उत्तरदायी, पारदर्शी र नतिजामुखी बनाउनका लागि आवश्यक संरचनागत र संस्थागत व्यवस्थालाई जनमुखी तुल्याउदै नागरिक मैत्री सेवा प्रवाहको वातावरण सृजना गरिने छ ।

तेलकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

कलक बहादुर रोकाया
गाउँपालिका अध्यक्ष

ख.) " म सेवा गर्छु" भन्ने नारा सहितको हेल्प डेक्स (सेवाग्राही सहायता कक्ष )को व्यवस्था गरी सेवा प्रवाहलाई सहज तथा प्रभावकारी वनाइने छ ।

ग.) सार्वजनिक सेवा प्रवाहको लागि आवश्यक फारमहरुको ढाँचा तयार गरी वेवसाईटमा राख्ने व्यवस्था मिलाईने छ ।

घ. सेवाग्राहीको चापलाई मध्यनजर गरी सेवा प्रवाहका लागि विद्युतिय प्रणाली लागु गरिने छ ।

ङ) विद्युतिय गुनासो व्यवस्थापन प्रणालीको विकास गरि कार्यान्वयनमा ल्याईने छ ।

च.) कार्यरत कर्मचारीहरुको कार्य प्रक्रियालाई वैज्ञानीक ढगले व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृत एवम् सम्पूर्ण कर्मचारीहरु बीच कार्यसम्पादन वा थप सेवा प्रवाह गर्न नीतिमा रहि करार सम्झौता गरि सेवा प्रवाहलाई थप प्रवाहकारी एवम् नतिजामुलक वनाइने छ । साथै कर्मचारीको मनोवल उच्च राख्न कर्मचारीको क्षमता अभिवृद्धि, पुरस्कार, सम्मान र प्रोत्साहन समेतको व्यवस्था मिलाइने छ।

छ) प्रत्येक आर्थिक वर्ष पालिकावाट सम्पादित कार्य प्रगतिको समिक्षा चौमासिक वा अर्धवार्षिक रुपमा सार्वजनिक सुनुवाई गरि जनताप्रतिको जवाफदेहिता र उत्तरदायित्व वहन गर्ने कार्यलाई निरन्तरता दिईने छ । जनताको घरदैलोमा सेवा उपलब्ध गराउनका लागि विभिन्न समयमा घुम्ती सेवा सञ्चालनलाई निरन्तरता दिइने छ ।

ज) गाउँपालिकाका सेवाग्राहीहरुको सम्मान गदै नेपाल सरकारको सुशासन सम्वन्धी " म भष्टचार गर्दिन , म भष्टचार हुन दिन्न र जनताका लागि इमान्दार भएर काम गर्नेछु । भन्ने प्रतिज्ञा सहितको कार्य संस्कृतिको प्रर्वद्धन गदै गाउपालिका वाट हुने सवै सेवाहरु छिटो छरितो र भ्रष्टचार रहित वनाउदै भ्रष्टचारमा शुन्य सहनशिलता कायम गरिने छ ।

## ५२ नीति कानुन न्याय तथा सुशासन

क) गाउपालिकाका नागरिकहरुका विचमा सामाजिक सदभाव र मेलमिलाप कायम गर्न न्यायिक समितिमा पर्न आएका विवादहरुको निष्पक्ष र प्रभावकारी निरुपण गर्नका लागि न्यायिक समितिको शसक्तिकरण गदै गाउँपालिका अर्न्तगत सूचिकृत मेलमिलापकर्ताहरुलाई सामाजिक सदभाव र मेलमिलाप कायम गर्ने दुत्तको रुपमा प्रयोग गरी न्याय सम्पादन गरिने छ ।

ख) न्यायिक समिति र कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि प्रशिक्षण समेतका कार्यक्रम संचालन गरिने छ ।

ग) सवै वडाहरुका मेलमिलाप केन्द्रहरुको क्षमता अभिवृद्धि गरि मेलमिलापका कार्यहरुलाई प्रभावकारी रुपमा अगाडी वडाईने छ ।

घ) कानुनी सचेतना र कानुन सम्वन्धी अभिमुखिकरण गर्न आधारभुत र माध्यामिक विद्यालयका विद्यार्थीहरु , टोल सुधार समिति, आमा समुह, कृषि समुह, वाल सजाल, उपभोक्ता सजाल, सहकारीका सदस्यहरुलाई न्यायिक अभिमुखिकरण कार्यक्रम सचालन गरीने छ ।

### ५.३ राजश्व तथा श्रोत परिचालन

क) नेपालको संविधान र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम स्थानिय तहलाई प्राप्त राजश्व सम्वन्धी अधिकारको प्रयोग गदै गाउपालिकालाई आर्थिक रुपमा समृद्ध एवम् आत्मनिर्भर वनाउन राजश्वका सवै संम्भावना र क्षेत्रहरुको खोजि गदै प्रगतिशिल र समतामूलक ढंगले कर तथा सेवा शुल्कका दरहरु निर्धारण गरिने छ ।

ख) गाउपालिका भित्र ढुङ्गा,गिट्टी, वालुवा दहत्तर वहत्तर लगायतको विक्री तथा निकासी प्रणालीलाई व्यवस्थित वनाउन सम्भाव्य सवै क्षेत्रहरुलाई करको दायरामा ल्याइनेछ

ग) यस गाउपालिकामा सचालित तथा निर्माधिन संरचना हाईडोपावर , कम्पनी, सडक, भवन, निर्माण कम्पनीहरुले उपयोग गर्ने नदीजन्य तथा अन्य प्राकृतिक श्रोत सामग्रीहरुको उपयोग गरे वापतको कर गाउपालिकाको आर्थिक ऐनमा व्यवस्था भए वमोजिमको दरमा असुली गर्नका लागि आवश्यक पहल गरिने छ ।

तलकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तलकोट, वझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

कलक बहादुर रोकाया
गाउँपालिका अध्यक्ष

ग) गाउपालिका अर्न्तगतका करदाताहरुलाई प्रोत्साहन गर्ने वातावरणका साथ सवै भन्दा वढी कर तिर्ने करदातालाई सम्मान गरिने छ भन्ने । समयमा कर नतिरी अठेरीगर्नेलाई थप जरिवाना गरि गाउँपालिकावाट .दिने सवै सेवा सुविधा रोक्का गरिने छ ।

घ) गाउपालिका भित्र उत्सर्जन भएका कवाडी सामग्रीहरुलाई व्यवस्थित गरी सरसफाईमा जाड दिन ठेक्का प्रकृया गरि करको दयरामा ल्याईने छ ।

**गाउँ सभा अध्यक्ष ज्यू**

**गाउँ सभाका सदस्य ज्यू**

५.४ भगिनी सम्वन्ध

क) देश भित्र, वाह्य देशका विभिन्न पालिकाहरु संग समन्वय, सहकार्य गरी भौतिक निर्माण, सास्कृतिक पर्यटन, फोहर मैला व्यवस्थापन, कृषि उत्पादन र वजारीकरणका निम्ति भगिनी तथा मित्रता सम्वन्ध अगाडि वढाइने छ ।

**५.५ गै स स , निजि क्षेत्र र सहयोगी निकाय**

क) .गाउँपालिका भित्र सञ्चालन भएका राष्ट्रिय तथा अन्तरराष्ट्रिय सामुदायिक एवम् गैर सरकारी संस्थाहरुसंग सामाजिक विकासमा साझेदारी गर्दै आयोजना , कार्यक्रमलाई शुसासन, जवाफदेही, मर्यादित र पारदर्शि वनाउन उच्च भुमिका निर्वाह गरिने छ । साथै व्यवस्थित रुपमा परिचालन गर्न NGO डेक्स स्थापना गरि सवै कार्यक्रमहरुलाई गाउँपालिका मातहतमा ल्याईने छ ।

ख) गाउँपालिका संग विकास र जनसेवामा साझेदारी गर्न चाहने राष्ट्रिय तथा अन्तरराष्ट्रिय गै स स सगको सहकार्यलाई उच्च प्राथमिकता दिई स्थानिय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था समेतका आधारमा विकास गतिविधिमा गै स स संग सहकार्य गरिने छ

ग) अनुभव आदान प्रदान असल सिकाई अवलम्वन गर्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा भगिनी सम्वन्ध कायम गर्ने नीति लिईने छ।

घ) विकासमा सार्वजनिक निजि साझेदारी नीतिलाई वास्तविक कार्यनीतिमा परिणत गरिनुका साथै निर्माण कार्यमा जनसहभागिता र जनश्रमदान र निजि क्षेत्रको भूमिका समेत स्थापित गर्दै लगिने छ ।

**गाउँ सभा अध्यक्ष ज्यू**

**गाउँ सभाका सदस्य ज्यू**

विक्रम संवत २०८० साल असार १० गते आईतवार रोज १ शुभम् । नीति तथा कार्यक्रम तयार गर्ने क्रममा संघीय सरकार तथा माननीय सांसदज्यूहरु,प्रदेश सरकार तथा माननिय प्रदेश सभाका सदस्यज्यूहरु,सम्पूर्ण राजनैतिक दलका प्रतिनिधिज्यूहरु बाट प्राप्त सुझाव,सहयोग तथा प्रेरणा प्रति आभार प्रकट गर्दछु । हामीले गरेको आग्रहलाई स्वीकार गरीबैठक तथा छलफलमा उपस्थित भै उल्लिखित सुझाव दिनु हुने गाउँकार्यपालिकाका सदस्यज्यूहरू, बिभिन्न विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु लगायत विभिन्न क्षेत्रमा विज्ञता प्राप्त व्यक्तित्व महानुभावहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । नीति कार्यक्रमको सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गरीप्रत्यक्ष अप्रत्यक्ष रुपमासुझाव दिनु हुनेगाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी मित्रहरु, विषयगत कार्यालयका प्रमुख तथाप्रतिनिधिहरू,करदाता,उद्यमी,व्यापारी/व्यवसायी,समाजसेवी,ज्येष्ठ नागरिक, नागरिक समाजका अगुवाहरु,पत्रकार मित्रहरु,गैर सरकारी संस्थाएवम् सम्पूर्ण महिला तथा सज्जनवृन्दहरुलाईहार्दिक धन्यवाद दिन चाहन्छु।

हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण आदरणीय व्यक्तित्वहरु प्रति हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति, कार्यक्रम कार्यान्वयनका लागि यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावहरुलाई मार्गदर्शनको रूपमा लिएर तलकोटगाउँपालिकाअगाडि बढ्ने विश्वास दिलाउदै कार्यक्रमको सफल कार्यान्वयनमा सबैको सहयोग निरन्तर रहने अपेक्षा समेत गरेको छु ।

धन्यवाद्

पार्वती कुवँर भण्डारी

गा पा अध्यक्ष